"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८३।८४
चलानी नं. :-

मिति :- २०८३।०५।०५
ने.स. ११४६ गुंलाथ्व ०९ शुक्रबार

### सूचना नं. : २१

### मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयका सम्बन्धमा यस विहादी गाउँपालिकाको कार्यालय,वहाकीठाँटी,पर्वतमा गाउँपालिकाको मेलमिलापकेन्द्र सञ्चालन सम्बन्धी कार्यविधि-२०८० को दफा -३ बमोजिमको मेलमिलाप केन्द्र स्थापना गर्ने उद्देश्यले विहादी गाउँपालिकामा न्यायिक समिति सम्बन्धी कार्यविधी ऐन,२०७४ को दफा ५९ बमोजिम मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्नुपर्ने भएकोले यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका शर्तहरु पुरा भएका इच्छुक व्यक्तिहरुले मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुनका लागि आवश्यक कागजातहरु सहित न्यायिक समितिको सचिवालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ ।

तपसिलः

१. तोकिएको ढाँचामा निवेदन,( निवेदनको ढाँचा न्यायिक समितिको सचिवालय र वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी,
४. दुई प्रति पासपोर्ट साइजको फोटो,
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
६. कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको प्रतिवद्धता पत्र ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत